जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ३९ • २०८३ साल आषाढ १४ गते आइतबार (28 June, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।–

## पेस्तोल र गोलीसहित दुई युवक पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामबाट दुई युवकलाई हातहतियारसहित प्रहरीले पक्राउ गरेको छ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगरपालिका-९ स्थित ब्रह्मपुरी चोकमा रहेको एक होटलबाट प्रहरीले गैरकानुनी पेस्तोल, म्यागजिन र गोलीसहित दुई युवालाई पक्राउ गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार गोप्य सूचनाका आधारमा वडा प्रहरी कार्यालय मुजेलियाबाट खटिएको विशेष प्रहरी टोलीले शनिबार दिउँसो थापा होटलमा खानतलासी गर्दा हतियार तथा गोली बरामद गरेको छ।

प्रहरीले होटलबाट 'इगल च्याप्टर' लेखिएको काठको बिँड जडान भएको एक थान पेस्तोल, त्यसको एक थान म्यागजिन, ९ एमएमको एक थान गोली तथा ७.६५ एमएमका तीन थान गोली बरामद गरेको जनाएको छ।

सो घटनामा धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-४ का २० वर्षीय अमन यादव र हँसपुर नगरपालिका-६ सोनीगामाका १८ वर्षीय सुधिर मुखिया पक्राउ परेका छन्।

प्रहरीले बरामद गरिएको हतियार र गोलीसहित दुवै जनालाई नियन्त्रणमा लिइ हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको जनाएको छ।

पक्राउ परेका दुबै जना आरोपितमाथि हतियारको स्रोत, प्रयोगको उद्देश्य तथा यस घटनामा अन्य व्यक्तिको संलग्नता रहेको वा नरहेको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### बर्डफ्लुको बढ्दो सङ्क्रमण
## मधेशमा पनि देखियो बर्डफ्लु, सरकारी तयारी फितलो र बढ्दो जोखिम

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालमा पछिल्ला केही महिनायता बर्डफ्लु (एच-फाइभ एन-वान) को सङ्क्रमण तीव्र रूपमा फैलिनु कृषि तथा जनस्वास्थ्य दुवैका लागि गम्भीर चिन्ताको विषय बनेको छ। मोरङबाट शुरु भएको सङ्क्रमण अहिले ११ जिल्लाका ८२ स्थानसम्म फैलिनुले रोग नियन्त्रण प्रणालीमाथि प्रश्न उठाएको छ। सरकारका अनुसार पाँच लाखभन्दा बढी पक्षी नष्ट गरिएका छन् भने लाखौँ अण्डा र ठूलो परिमाणमा दाना पनि नष्ट गरिएको छ। यसबाट किसानले ठूलो आर्थिक क्षति बेहोर्नुपरेको छ भने पोल्ट्री उद्योगसमेत प्रभावित बनेको छ।

नेपालको पोल्ट्री व्यवसाय लाखौँ किसानको आय आर्जनको प्रमुख स्रोत हो। यस्तो अवस्थामा बर्डफ्लुको तीव्र विस्तारले उत्पादन, बजार र उपभोक्ता विश्वासमा नकारात्मक असर पारेको छ। सङ्क्रमण फैलिएका क्षेत्रमा कुखुरा तथा अण्डाको बिक्री घट्ने, ढुवानीमा समस्या आउने र किसानको लगानी जोखिममा पर्ने अवस्था सिर्जना भएको छ। सरकारले सङ्क्रमित पक्षी नष्ट गर्ने नीति अपनाए पनि क्षतिपूर्ति वितरणमा ढिलाइ वा अपर्याप्त सहयोग भए किसान थप समस्यामा पर्न सक्छन्।

केही महिनामै मुलुकको अधिकांश जिल्लामा बर्डफ्लु संक्रमण फैलिएको छ। जसले गर्दा सरकारी तयारी फितलो रहेको संकेत पनि गरेको छ। रोग फैलिन थालेपछि नियन्त्रण कक्ष स्थापना गर्नु, प्राविधिक टोली परिचालन गर्नु तथा विभिन्न तहका सरकारसँग समन्वय गर्नु सकारात्मक कदम भए पनि संक्रमण ११ जिल्लासम्म फैलिनु प्रारम्भिक निगरानी र रोकथाम पर्याप्त प्रभावकारी हुन नसकेको देखिन्छ। महामारी व्यवस्थापनमा रोग पहिचान, शीघ्र परीक्षण, समयमै सूचना प्रवाह र जैविक सुरक्षा मापदण्डको कडाइपूर्वक



कार्यान्वयन अत्यन्त आवश्यक हुन्छ।

पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार सङ्क्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छ। त्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४ दशमलव ८५ क्विन्टल दाना पनि नष्ट गरिएको उनले जानकारी दिए।

विभागका अनुसार हालसम्म मधेश प्रदेशको महोत्तरी, बारा, कोशी प्रदेशका झापा, मोरङ र सुनसर ीसँगै, बागमती प्रदेशको काठमाण्डु, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन र लुम्बिनी प्रदेशको नवलपर ासीमा सङ्क्रमण नियन्त्रणमा आइसकेको छ। तर काठमाण्डु, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा सङ्क्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको महानिर्देशक डा. दाहालले बताए।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासंगको सहकार्यमा भाइरसको जिन अनुक्रमण (जिनोम सिक्वेन्सिङ) शुरु गर्नु अर्को महत्वपूर्ण पक्ष हो। यसबाट भाइरसमा कुनै आनुवंशिक परिवर्तन (म्युटेसन) भएको छ वा छैन भन्ने थाहा पाइनेछ। यदि भाइरसमा परिवर्तन भएको पुष्टि भयो भने त्यसअनुसार नियन्त्रण रणनीति र निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउन सकिनेछ। विश्वका विभिन्न देशमा एच-फाइभ एन-वान भाइरसका कारण मानव स्वास्थ्यमा समेत जोखिम देखिएकाले नेपालले पनि यस विषयलाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ।

विभागले किसानलाई जैविक सुरक्षा मापदण्ड अपनाउन, पुराना अण्डाका क्रेट पुनःप्रयोग नगर्न, सवार ीसाधन निसङ्क्रमण गरेर मात्र फार्ममा प्रवेश गराउन तथा जंगली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क रोक्न दिएको सुझाव वैज्ञानिक रूपमा उपयुक्त छन्। तर यस्ता निर्देशन व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गराउन स्थानीय सरकार, पशु स्वास्थ्य प्राविधिक र किसानबीच निरन्तर समन्वय आवश्यक हुन्छ। साना किसानमा चेतनाको अभाव, सीमित स्रोत र कमजोर अनुगमनका कारण धेरैजसो फार्ममा जैविक सुरक्षा मापदण्ड पूर्ण रूपमा पालना नहुने समस्या अझै कायम छ।

यसका साथै उपभोक्तामा पनि अनावश्यक त्रास फैलिन नदिन सही सूचना प्रवाह आवश्यक छ। राम्रोसंग पकाइएको कुखुराको मासु र अण्डा सामान्य अवस्थामा सुरक्षित मानिन्छ। त्यसैले अफवाहभन्दा आधिकारिक सूचनामा विश्वास गर्नु र रोग देखिएका क्षेत्रमा स्वास्थ्य तथा पशुसेवा निकायका निर्देशन पालना गर्नु सबैको दायित्व हो।

बर्डफ्लुको बढ्दो सङ्क्रमण केवल पशुपालन क्षेत्रको समस्या नभइ खाद्य सुरक्षा, जनस्वास्थ्य, किसानको जीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रसँग जोडिएको विषय हो। त्यसैले संघ, प्रदेश र स्थानीय सरकारले संयुक्त रूपमा प्रभावकारी निगरानी, समयमै परीक्षण, पर्याप्त क्षतिपूर्ति, किसानलाई प्राविधिक सहयोग तथा जैविक सुरक्षा मापदण्डको कडाइका साथ कार्यान्वयन गर्न सके मात्र संक्रमण नियन्त्रण गर्न सकिनेछ। दीर्घकालीन रूपमा आधुनिक पोल्ट्री व्यवस्थापन, नियमित निगरानी र जनचेतना अभिवृद्धिमा जोड दिनु नै यस्ता महामारीबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय हुन्छ।

## मल खरिदमा मूल्य विवाद, भारतभन्दा धेरै मूल्य तिर्दै

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल सरकारले रासायनिक मल खरिद गर्दा भारतको तुलनामा उल्लेख्य रूपमा बढी मूल्य तिरेको विषयमा प्रश्न उठेको छ। एउटै अन्तर्राष्ट्रिय आपूर्तिकर्ताबाट समान मल खरिद गर्दा नेपाल र भारतले तिर्ने मूल्यमा ठूलो अन्तर देखिएको भन्दै कृषि सामग्री कम्पनी लिमिटेडभित्रैबाट समेत चासो व्यक्त गरिएको छ।

सिंगापुरस्थित अन्तर्राष्ट्रिय कम्पनी 'एसएस आदित्य बिर्ला ग्लोबल ट्रेडिङ'ले नेपाल र भारत दुवैका लागि रासायनिक मल आपूर्ति गर्ने ठेक्का पाएको छ। उपलब्ध विवरणअनुसार कम्पनीले भारतलाई प्रतिमेट्रिक टन ५४० अमेरिकी डलरमा मल उपलब्ध गराएको छ भने नेपालका लागि प्रतिमेट्रिक टन ९००.७५ अमेरिकी डलरमा आपूर्ति गर्ने सम्झौता गरेको छ। एउटै स्रोतबाट मल ल्याउँदा पनि मूल्यमा ठूलो अन्तर देखिएपछि यसको आधारबारे प्रश्न उठाइएको हो।

कृषि सामग्री कम्पनीका एक कर्मचारीका अनुसार टेन्डर प्रक्रियामा विभिन्न कारण देखाउँदै पटक-पटक प्रक्रिया प्रभावित पारिएपछि अन्ततः उच्च मूल्यमा ठेक्का स्वीकृत भएको दाबी गरिएको छ। उनका अनुसार अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य घट्दो क्रममा रहेकाले हालको खरिद मूल्य अस्वाभाविक रूपमा




महँगो देखिन्छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार चीनले गत मार्चदेखि नियन्त्रणमा राखेको युरिया निर्यात पुनः खुला गर्ने निर्णय गरेपछि विश्व बजारमा रासायनिक मलको मूल्य घट्ने क्रम शुरु भएको छ। साथै पश्चिम एसियाको तनाव कम हुँदै गएसंगै ढुवानी तथा आपूर्ति लागतमा पनि कमी आउने अपेक्षा गरिएको छ।

यसैबीच आदित्य बिर्लाले नेपालका लागि ३० हजार मेट्रिक टन मल आपूर्ति गर्ने ठेक्का पाइसकेको छ। कम्पनीले वीरगञ्ज, विराटनगर र भैरहवासम्म मल पुऱ्याउने गरी प्रतिमेट्रिक टन ९००.७५ अमेरिकी डलरमा सम्झौता गरेको छ। यसअनुसार नेपाल सरकारले करिब २ करोड ७० लाख २२ हजार ५०० अमेरिकी डलर भुक्तानी गर्नेछ।

नेपाल-भारत सरकार (जीटुजी) सम्झौताअन्तर्गत भारतले नेपाललाई ५० हजार मेट्रिक टन मल उपलब्ध गराउने भएको छ। उक्त मलका लागि नेपालले प्रतिमेट्रिक टन ८४८ अमेरिकी डलर तिर्नेछ। भारतले आफूले ५४० डलरमा खरिद गरेको मल नेपाललाई बढी मूल्यमा उपलब्ध गराइरहेको भन्दै पनि प्रश्न उठेको छ।

नेपालले तत्कालका लागि ८० हजार मेट्रिक टन मल माग गरे पनि भारतबाट पहिलो चरणमा ५० हजार मेट्रिक टन मात्र प्राप्त हुने भएको छ। त्यसका लागि आवश्यक रकम नेपालले पठाइसकेको छ। तर सम्झौताअनुसार रकम प्राप्त भएको १२० दिनभित्र मात्र मल आपूर्ति हुने व्यवस्था भएकाले धान रोपाइँको मुख्य सिजनमा किसानले उक्त मल पाउने सम्भावना न्यून देखिएको छ। प्रक्रियाअनुसार मल असोजतिर मात्र नेपाल आइपुग्ने अनुमान गरिएको छ।

यस विषयमा सम्बन्धित निकायले मूल्य निर्धारण, टेन्डर प्रक्रिया तथा अन्तर्राष्ट्रिय बजारको अवस्थाबारे स्पष्ट जानकारी सार्वजनिक गर्नुपर्ने माग सरोकारवालाले गरेका छन्।

## मधेशमा एमाले पार्टी पुनर्गठन अभियान चलाउने

**टुडे समाचारदाता**

रौतहट। नेकपा (एमाले) मधेश प्रदेश कमिटीले हालै सम्पन्न निर्वाचनको समीक्षा तथा पार्टी पुनर्गठन सम्बन्धी सुझाव संकलन गर्ने भएको छ। पार्टीका स्थानीय, प्रदेश र संघका नेताको हसभागितामा मधेशमा पार्टीको उपस्थितिको समीक्षा गरेको छ। यसै समीक्षाबाट एमालेले मधेशमा पार्टी पुनर्गठन अभियान चलाउने तयारी पनि गरेको छ।

महोत्तरीको बर्दिवासमा शनिबार बसेको बैठकबाट पार्टी संगठनलाई थप सुदृढ, प्रभावकारी र जनमुखी बनाउनका लागी प्रदेश तथा जिल्ला तहका नेताहरूको सहभागिता थियो।

प्रदेश इन्चार्ज लिलानाथ श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एमालेका उपाध्यक्ष रामबहादुर थापा बादल, महासचिव शंकर पोखरेल, केन्द्रीय सचिव भानुभक्त ढकालगायत नेताहरुको उपस्थिति थियो।


सहभागीहरूले पछिल्लो निर्वाचनको परिणाम,




संगठनात्मक अवस्था तथा जनमतको प्रवृत्तिबारे विस्तृत समीक्षा भएको बैठकमा सहभागी एमाले रौतहट इन्चार्ज अजय गुप्ताले जनानकारी दिए।

छलफलका क्रममा पार्टीका सबल पक्ष, कमजोरी, संगठन विस्तारका चुनौती तथा बदलिँदो राजनीतिक परिवेशमा पार्टीलाई कसरी थप प्रभावकारी बनाउने भन्ने विषयमा गम्भीर बहस भएको उनले बताए। नेताहरूले निर्वाचन परिणामलाई केवल हार-जितको कोणबाट मात्र नभइ संगठन सुदृढीकरणको अवसरका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिए।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेशप्रति अनुदार रास्वपा

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को प्रथम महाधिवेशन ९९ जना केन्द्रीय सदस्य र त्यस मध्येबाट ७ पदाधिकारीमा निर्वाचित भएर पुगेका छन् । १ सय ५८ जना सदस्य मध्ये ५० जना केन्द्रीय सदस्य र त्यस मध्येबाट बाँकी रहेका पदाधिकारीहरुको मनोनयन सभापति रवि लामिछानेले गर्नेछन् । तीन दिनसम्म महाधिवेशन चल्ने भनिए पनि सातौं दिनमा अधिवेशन सम्पन्न भएको छ । नेताहरुले महाधिवेशनलाई पूर्ण सफल रहेको बताउँछन् । प्रथम महाधिवेशन भद्रगोल जस्तो देखिए पनि त्यसलाई सफल नै मान्नु पर्छ । तर कतिपय त्रुटि भएको छ । केही त्रुटि सामान्य प्रकृतिको र केही त्रुटि पार्टीलाई नै गम्भीर क्षति पुऱ्याउने छन् । रास्वपाको महाधिवेशनले समावेशीतालाई अस्वीकार गरेको छ । पार्टीको विधान अनुसार निर्वाचित भएका पदाधिकारीमा एकजना पनि मधेशी परेका छैनन् । विधानको अनुकूल सभापति लामिछानेले समावेशीताका लागि उदार भएनन् । उनले उदारता देखाएको भए मधेशका छौंडाहरुले पनि पदाधिकारीमा समावेश हुने अवसर पाउने थियो । तर अध्यक्ष लामिछाने नै अनुदार हुँदा उनको अत्यन्त निकटको नेता मनिष झा पराजित भए । त्यो पनि झिनो मताले होइन । रविले महाधिवेशनको क्रममा गुट बनाउने र पार्टीको असन्तुष्टिलाई बाहिर सडकमा नल्याउन निर्देशन दिएका थिए । लामिछानेको निर्देशन विपरीत पार्टीको चुनावमा चरम गुटबन्दी देखियो । एकले अर्कालाई पराजित गराउन लागिपरेका थिए । एउटै पदमा उम्मेदवारी दिएकाले उम्मेदवारी फिर्ता लिने क्रममा अमुख उम्मेदवारलाई समर्थन गरेको सार्वजनिक घोषणा गरेका थिए । त्यो गुटबन्दीको आधुनिक रुप थियो । कतिपयले आफूले पाएको मत भन्दा अर्का उम्मदेवारले कम मत ल्याउँदा पनि निर्वाचित भएको घोषणा गरिएको आरोप लगाएका छन् । केहीले सर्वोच्चसम्म जाने धम्की दिएका छन् । समग्रमा सभापति लामिछानेले मधेशी र दलितको आरक्षणलाई नै समाप्त गरिदिएको छ । चुनाव अथवा सहमतिको क्रममा कानुनी दायरा भित्र रहेर नै निर्णय गर्नुपर्ने हुन्छ । रास्वपाको महाधिवेशनले देशलाई नै तरंगित बनाउने परदेश खारेज र स्थानीय तहको संख्यालाई घटाउने निर्णय हो । यसले सोझै हालको संविधानमाथि धावा बोलिएको छ । त्यसलाई संघीयता र पहिचानवादी दलहरुले कुनै हालतमा स्वीकार गर्ने छैनन् । रास्वपाको हरेक उच्च पदमा बाहुन, क्षेत्रीहरुको कब्जा छ । उनीहरु मधेश र मधेशीप्रति अनुदार छन् । प्रधानमन्त्री बालेन्द्र शाह पनि संघीयताको विरोधी हुन् । मधेश प्रदेशबाट सबैभन्दा बढी मत रास्वपाले ल्याएको छ । सांसदमा पनि ३२ मध्ये ३० स्थान रास्वपाले प्रत्यक्ष तर्फ जितेको छ । तर महाधिवेशनमा मधेश प्रदेशलाई हेला गरेको छ । मधेश प्रदेशबाट पदाधिकारीमा उम्मेदवारले जित्न सकेनन् । मधेश प्रदेशबाट रास्वपाले पर्याप्त राजनीतिक लाभ लिएको छ ।

## दुईदिने सार्वजनिक बिदा :

# लोकप्रिय निर्णय कि जनतालाई सास्ती ?



● सुजीत कुमार झा

नेपालको राजनीतिमा वैकल्पिक शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा सहभागी भएपछि आम नागरिकमा एउटा नयाँ आशा जागेको थियो । पुराना राजनीतिक दलहरूको परम्परागत कार्यशैलीबाट निराश बनेका जनताले नयाँ पुस्ताको नेतृत्वबाट वैज्ञानिक, परिणाममुखी र जनउत्तरदायी शासनको अपेक्षा गरेका थिए । यही अपेक्षाका बीच सरकारले हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गऱ्यो । प्रारम्भमा यो निर्णयलाई आधुनिक प्रशासनतर्फको साहसी कदमका रूपमा प्रस्तुत गरियो । कर्मचारीको कार्यक्षमता बढ्ने, सरकारी खर्च घट्ने, पारिवारिक जीवन सुदृढ हुने र आन्तरिक पर्यटन प्रवर्द्धन हुनेजस्ता तर्कहरू सार्वजनिक गरिए ।

सैद्धान्तिक रूपमा यी तर्क आकर्षक देखिए पनि कुनै पनि सार्वजनिक नीतिको मूल्याङ्कन घोषणाले होइन, त्यसको व्यवहारिक परिणामले हुन्छ । करिब तीन महिनाको अनुभवले दुईदिने सार्वजनिक बिदाको निर्णय नेपालको वर्तमान सामाजिक, आर्थिक र प्रशासनिक यथार्थसँग मेल नखाने देखाएको छ । विकसित मुलुकहरूमा डिजिटल शासन, अनलाइन सेवा र दक्ष प्रशासनका कारण लामो बिदाले नागरिकलाई असर गर्दैन । तर नेपालमा अझै पनि सामान्य नागरिकता, राहदानी, मालपोत, सिफारिस वा अन्य सरकारी सेवा लिन नागरिकलाई कार्यालयमै पुग्नुपर्ने बाध्यता छ । यस्तो अवस्थामा सेवा दिने दिन नै घटाउनु नागरिकमैत्री होइन ।

सरकारले यो निर्णय लागू गर्नुअघि सार्वजनिक सेवा प्रवाह, स्वास्थ्य, शिक्षा, प्रशासन र स्थानीय तहमा यसको प्रभावबारे कुनै व्यापक अध्ययन गरेको देखिएन । परिणामस्वरूप लोकप्रिय देखिने एउटा निर्णयले नागरिकलाई थप सास्ती दिएको अनुभूति हुन थालेको छ । नीति निर्माणमा सबैभन्दा महत्वपूर्ण प्रश्न 'सरकारलाई के सजिलो हुन्छ ?' होइन, 'नागरिकलाई के सहज हुन्छ ?' हुनुपर्छ । दुर्भाग्यवश, यो निर्णयमा यही आधारभूत प्रश्न ओझेलमा परेको देखिन्छ ।

दुईदिने सार्वजनिक बिदाको सबैभन्दा गम्भीर असर स्वास्थ्य क्षेत्रमा देखिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । तर अधिकार मात्रै संविधानको पानामा सीमित भएर पुग्दैन, अस्पतालको ढोकामा पनि त्यसको अनुभूति हुनुपर्छ ।

सरकारी अस्पतालहरूमा शनिबार र आइतबार नियमित बाह्यरोगी सेवा बन्द हुँदा सोमबारदेखि शुक्रबारसम्म बिरामीको अत्यधिक चाप बढेको छ । बिहान सबेरैदेखि टिकटका लागि लाइन बस्ने, दिनभर पालो कुर्ने र उपचार नपाई घर फर्किने दृश्य सामान्य बन्दै गएको छ । सबैभन्दा बढी मार गरिब, वृद्ध, गर्भवती महिला र दुर्गम क्षेत्रबाट आएका बिरामीमाथि परेको छ ।

नेपालको स्वास्थ्य सेवा अझै पनि अत्यधिक केन्द्रीकृत छ । मुटु, क्यान्सर, मिर्गौला वा स्नायु रोगजस्ता जटिल उपचारका लागि अधिकांश बिरामी काठमाडौं वा केही सीमित सहरका अस्पतालमा आउन बाध्य हुन्छन् । गाउँबाट राजधानीसम्म उपचारका लागि आउनु आफैँमा आर्थिक र मानसिक बोझ हो । त्यसमाथि दुई दिन सेवा बन्द हुने वा अत्यधिक भीडका कारण थप केही दिन बस्नुपर्ने अवस्था सिर्जना हुँदा खर्च झन् बढ्छ । सम्पन्न परिवारका लागि यो असुविधा मात्र हुन सक्छ, तर गरिब परिवारका लागि भने यो आर्थिक संकटको अर्को कारण बन्छ ।

यसले अर्को प्रश्न पनि उठाउँछ–के सरकारले स्वास्थ्य प्रणालीको वास्तविक क्षमता मूल्याङ्कन गरेर यो निर्णय गरेको थियो ? यदि सरकारी अस्पतालले पाँच दिनमै सम्पूर्ण बिरामीको चाप व्यवस्थापन गर्न सक्दैनन् भने सेवा दिने दिन घटाउनु कसरी नागरिकहितमा हुन सक्छ ? नीति निर्माणमा यस्ता आधारभूत प्रश्नहरूको उत्तर खोजिनुपर्थ्यो ।

स्वास्थ्यपछि सार्वजनिक सेवा प्रवाहमा पनि यही समस्या देखिएको छ । नागरिकता, राहदानी, मालपोत, यातायात, स्थानीय सरकारका सिफारिसलगायतका सेवामा अहिले पनि नागरिकले भौतिक उपस्थितिमै निर्भर रहनुपर्छ । नेपालमा डिजिटल शासनको पूर्वाधार अझै पर्याप्त विकसित भइसकेको छैन । यस्तो अवस्थामा दुई दिन कार्यालय बन्द हुँदा सेवाग्राहीको भीड बाँकी पाँच दिनमा केन्द्रित हुन्छ । परिणामस्वरूप सेवा ढिलो हुने, लाइन बढ्ने र बिचौलियाको भूमिका सक्रिय हुने सम्भावना बढ्छ ।




*AI Generated Image*

लोकतन्त्रमा प्रशासनको उद्देश्य कार्यालयलाई सुविधा दिनु होइन, नागरिकलाई सहज सेवा उपलब्ध गराउनु हो । यदि कार्यालय बन्द हुँदा नागरिकको समय, श्रम र पैसा बढी खर्च हुन्छ भने त्यस्तो नीतिलाई सफल भन्न सकिँदैन ।

दुईदिने बिदाको पक्षमा कर्मचारीको कार्यक्षमता बढ्ने तर्क पनि गरिएको थियो । तर कार्यक्षमता मात्रै बिदाको संख्याले बढ्दैन । त्यसका लागि स्पष्ट कार्यसम्पादन मूल्याङ्कन, डिजिटल प्रणाली, जवाफदेहिता, प्रविधिको प्रयोग र संस्थागत अनुशासन आवश्यक हुन्छ । नेपालमा यी संरचनात्मक सुधार नगरी मात्रै बिदा बढाउँदा अपेक्षित परिणाम आउन कठिन हुन्छ ।

विश्वका धेरै देशमा दुईदिने बिदा सफल हुनुको कारण त्यहाँको डिजिटल प्रशासन, समयमै सेवा, अनलाइन प्रणाली र कार्यसम्पादनमा आधारित प्रशासनिक संस्कार हो । नेपालले भने त्यही मोडेलको बाहिरी स्वरूप मात्र अपनायो, तर त्यसलाई सफल बनाउने पूर्वाधार निर्माण गर्न सकेन । परिणामस्वरूप, नागरिकले सुविधा होइन, थप झन्झट भोग्नुपरेको छ ।

सार्वजनिक नीति लोकप्रिय देखिनुभन्दा प्रभावकारी हुनु आवश्यक हुन्छ । कुनै पनि निर्णय जनताको दैनिक जीवन सहज बनाउनका लागि हुनुपर्छ, थप कठिन बनाउनका लागि होइन । त्यसैले अब सरकारले दुईदिने सार्वजनिक बिदाको प्रभावबारे स्वतन्त्र अध्ययन गराएर आवश्यक परे नीति पुनरावलोकन गर्न हिच्किचाउनु हुँदैन । लोकतन्त्रमा गलत निर्णय सच्याउनु कमजोरी होइन, परिपक्वताको संकेत हो ।

दुईदिने सार्वजनिक बिदाको प्रभाव मात्रै स्वास्थ्य र प्रशासनमा सीमित छैन, यसको असर शिक्षा र बाल मनोविज्ञानमा पनि देखिन थालेको छ । विद्यालयहरू लगातार दुई दिन बन्द हुँदा बालबालिकाको अतिरिक्त समय कसरी उपयोग भइरहेको छ भन्ने प्रश्न राज्यले गम्भीर रूपमा सोच्नुपर्ने विषय हो । विकसित मुलुकहरूमा लामो बिदासँगै खेलकुद, पुस्तकालय, सामुदायिक गतिविधि, कला-संस्कृति र बालमैत्री कार्यक्रमहरूको बलियो संरचना हुन्छ । त्यसैले त्यहाँको बिदा सिर्जनात्मक सिकाइको अवसर बन्छ । नेपालमा भने यस्तो पूर्वाधारको अभाव छ ।

आज अधिकांश बालबालिकाको बिदा मोबाइल फोन, टिकटक, युट्युब, फेसबुक र अनलाइन गेममै बित्न थालेको छ । डिजिटल प्रविधि आफैँमा समस्या होइन, तर यसको अनियन्त्रित प्रयोगले बालबालिकामा एकाग्रताको कमी, सामाजिक दूरी, मानसिक तनाव र अध्ययनप्रतिको रुचिमा ह्रास ल्याइरहेको छ । लगातार दुई दिन विद्यालय बन्द हुँदा अभिभावकहरू पनि उनीहरूको समय व्यवस्थापन गर्न कठिनाइ अनुभव गरिरहेका छन् । सरकारले बिदा बढायो, तर त्यसको सदुपयोग कसरी गर्ने भन्ने कुनै राष्ट्रिय योजना ल्याउन सकेन ।

यसले एउटा गम्भीर प्रश्न उठाउँछ–के हामी सुविधा बढाइरहेका छौँ कि अनुशासन कमजोर बनाइरहेका छौँ ? शिक्षा मात्रै विद्यालयको पाठ्यक्रममा सीमित हुँदैन, नियमित दिनचर्या, सामाजिक घुलमिल र अनुशासित जीवनशैलीसँग पनि जोडिएको हुन्छ । त्यसैले कुनै पनि नीति निर्माण गर्दा बाल मनोविज्ञान र शैक्षिक प्रभावलाई पनि समान प्राथमिकता दिनुपर्छ ।

दुईदिने सार्वजनिक बिदाको बहसले अर्को गम्भीर यथार्थ पनि उजागर गरेको छ । हाम्रो शासन प्रणाली क्रमशः नागरिक केन्द्रितभन्दा कर्मचारीकेन्द्रित बन्दै गएको छ । लोकतान्त्रिक राज्यमा प्रशासनको उद्देश्य नागरिकलाई छिटो, सरल र गुणस्तरीय सेवा उपलब्ध गराउनु हो । तर जब नीतिको केन्द्रमा सेवाग्राहीभन्दा सेवा प्रदायकको सुविधा पर्न थाल्छ, त्यहाँ शासनको मूल उद्देश्य नै कमजोर हुन थाल्छ ।

यदि यो निर्णय वास्तवमै नागरिकको हितका लागि गरिएको हुन्थ्यो भने लागू गर्नुअघि विस्तृत प्रभाव अध्ययन गरिन्थ्यो । स्वास्थ्य, शिक्षा, राजस्व, स्थानीय प्रशासन, सार्वजनिक सेवा र निजी क्षेत्रमाथि पर्ने असरको मूल्याङ्कन गरिन्थ्यो । आवश्यक परे अस्पताल, मालपोत, यातायात, जिल्ला प्रशासन र अन्य अत्यावश्यक कार्यालयमा पालैपालो (Rotation) प्रणाली लागू गरिन्थ्यो । तर यस्ता आधारभूत तयारीबिनै नीति कार्यान्वयन गरियो, जसले गर्दा अहिले देखिएका समस्याहरू स्वाभाविक बने ।

सरकारले नीतिलाई प्रतिष्ठाको विषय बनाउनु हुँदैन । लोकतान्त्रिक शासनको सबैभन्दा ठूलो विशेषता आफ्नो निर्णयको समीक्षा गर्ने क्षमता हो । यदि कुनै नीति अपेक्षाअनुसार सफल भएन भने त्यसलाई सुधार्नु कमजोरी होइन, उत्तरदायित्व हो । सफल सरकार त्यही हो, जसले जनताको प्रतिक्रिया सुन्छ, तथ्यको मूल्याङ्कन गर्छ र आवश्यक परे निर्णय सच्याउँछ ।

अब सरकार र सम्बन्धित निकायले दुईदिने सार्वजनिक बिदाको वस्तुगत प्रभाव मूल्याङ्कन गर्नुपर्छ । स्वास्थ्य सेवा, शिक्षा, सार्वजनिक प्रशासन, राजस्व, पर्यटन र समग्र अर्थतन्त्रमा परेको प्रभावबारे स्वतन्त्र अध्ययन गराएर त्यसको प्रतिवेदन सार्वजनिक गर्न आवश्यक छ । त्यही आधारमा आवश्यक परे नीतिमा परिमार्जन गरिनुपर्छ ।

यससँगै केही व्यावहारिक सुधारका उपायहरू पनि अपनाउन सकिन्छ । पहिलो, अस्पताल, जिल्ला प्रशासन, मालपोत, यातायात र अन्य अत्यावश्यक सेवा दिने कार्यालयमा सातै दिन वा कम्तीमा पालैपालो सेवा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ । दोस्रो, सरकारी सेवाको डिजिटल रूपान्तरणलाई तीव्रता दिई नागरिकले घरबाटै अधिकांश सेवा लिन सक्ने वातावरण बनाउनुपर्छ । तेस्रो, विद्यालयको बिदालाई सिर्जनात्मक बनाउन स्थानीय तहसँग समन्वय गरी खेलकुद, पुस्तकालय, विज्ञान क्लब, कला तथा सामाजिक सेवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनुपर्छ । चौथो, प्रत्येक सार्वजनिक नीतिलाई लागू गर्नुअघि प्रभाव मूल्याङ्कन (Impact Assessment) अनिवार्य गर्ने कानुनी व्यवस्था गरिनुपर्छ ।

नेपाललाई अहिले थप बिदाको होइन, प्रभावकारी शासनको आवश्यकता छ । नागरिकले राज्यबाट सुविधा होइन, अधिकारको अनुभूति खोजिरहेका छन् । उनीहरू समयमै उपचार, छिटो प्रशासनिक सेवा, गुणस्तरीय शिक्षा र पारदर्शी शासन चाहन्छन् । लोकतन्त्रको सफलता कार्यालय कति दिन बन्द रह्यो भन्ने आधारमा होइन, नागरिकले सेवा कति सहज रूपमा पाए भन्ने आधारमा मापन हुन्छ ।

अन्ततः कुनै पनि सरकारको मूल्याङ्कन उसका लोकप्रिय घोषणाले होइन, जनताको जीवनमा परेको प्रभावले हुन्छ । दुईदिने सार्वजनिक बिदाको नीति पनि यही कसौटीमा मूल्याङ्कन हुनुपर्छ । यदि यसले नागरिकलाई सहजता दिएको छ भने त्यसलाई निरन्तरता दिनुपर्छ । यदि यसले सास्ती बढाएको छ भने सुधार्नुपर्छ । लोकतन्त्रमा निर्णयभन्दा ठूलो कुरा नागरिकको हित हो ।

नेपाललाई आज भावनामा आधारित लोकप्रिय निर्णयभन्दा तथ्यमा आधारित, वैज्ञानिक र नागरिककेन्द्रित नीतिको आवश्यकता छ । राज्यको सफलता आफ्ना कर्मचारीलाई थप आराम दिनुमा होइन, आफ्ना नागरिकलाई समयमै, सहज र सम्मानजनक सेवा उपलब्ध गराउनुमा निहित हुन्छ । बदलिँदो समयको यही यथार्थलाई स्वीकार्दै सरकारले साहसका साथ आफ्नो निर्णयको समीक्षा गर्न सके मात्र सुशासनप्रतिको नागरिकको विश्वास पुनः स्थापित हुन सक्छ । यही नै आजको आवश्यकता हो, र यही नै लोकतान्त्रिक उत्तरदायित्वको वास्तविक अर्थ पनि हो ।

# राजनीतिक दलमा बालबालिकाको प्रयोग गैरकानुनी



● तारक धिताल

राजनीतिक दल र बालबालिकाबारेको विषयले हालका दिनहरूमा समाचारमा प्रशस्त स्थान पाइरहेको छ । परिवर्तनको ठूलो सपना बाँडेर उदाएको र नयाँ शक्तिका रूपमा दाबी गरिएको सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनमा प्रस्तुत प्रतिवेदनमा सदस्य संख्याको विवरणमा ३५ हजारभन्दा बढी नै सदस्यहरू १८ वर्षमुनि भएको देखिनुले सबैको ध्यान आकृष्ट गरेको छ ।

कुनै एक राजनीतिक दलमा बालबालिकाको प्रत्यक्ष आबद्धता उचित हो होइन भन्नेबारे चर्चा गर्नुपूर्व बालबालिका, बालअधिकार र वयष्कको दायित्वका बारेमा अवधारणागत स्पष्टता कायम हुन जरुरी देखिन्छ । नेपालको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ ले १८ वर्षभन्दा मुनिकालाई बालबालिका भनेर परिभाषित गरेको छ ।

बालबालिकाको विशेष हक अधिकारका बारेमा संविधानको धारा ३९ तथा बालबालिकासम्बन्धी ऐनले बृहत् रूपमा उल्लेख गरेको छ । बालबालिकाको अधिकारसम्बन्धी सर्वमान्य अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ को प्रस्तावनामै 'शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले बालबालिकालाई जन्मिनुअघि र जन्मेपछि पनि विशेष हेरचाह र स्याहार साथै उचित कानुनी संरक्षणको आवश्यकता पर्छ,' भन्ने उल्लेख भएको छ भने यसले बालबालिको सर्वोत्तम हितलाई सबैले ध्यान दिनुपर्ने एवं बालबालिकाको बाँच्न पाउने, संरक्षण पाउने, विकास एवं सहभागिताका अधिकारबारे व्याख्या गरिएको छ ।

शारीरिक तथा मानसिक अपरिपक्वताका कारणले बालबालिकालाई विशेष संरक्षण गरिनुपर्छ भन्ने व्यवस्था अन्य थुप्रै अन्तर्राष्ट्रिय दस्तावेजहरूले पनि बोलेका छन् । नेपालका पनि थुप्रै नीतिगत एवं कानुनी दस्तावेजहरूमा उल्लेख गरिएका छन् । कानुनी प्रावधानहरूको पालना गर्नु राजनीतिक दललगायत सबैको दायित्व हो ।

नेपालमा बालबालिकाको राजनीतिक प्रयोगका बारेमा लामो समयदेखि चर्चा हुँदै आएको छ । राजनीतिक स्वार्थका लागि बालबालिकाको प्रयोग रोकिनुपर्छ भन्नेबारेमा धेरै प्रयत्नहरू पनि हुँदै आएका छन् । फलस्वरुप पछिल्ला केही वर्षहरूमा यो क्रममा उल्लेख्य न्यूनता आएको पनि देखिन्छ ।

पञ्चायतकालको पञ्च ऱ्यालीलगायतमा बालबालिकाको प्रयोग हुने गर्थ्यो भने त्यसपछिका कालखण्डमा पनि निर्वाचनलगायत राजनीतिक प्रदर्शनहरूमा बालबालिका प्रयोग हुने गरेका थिए । २०५२ देखि २०६२ सालसम्मको सशस्त्र द्वन्द्वकालमा बालबालिकाको उल्लेख्य प्रयोगले यो विषयको गम्भीरतालाई बढायो । यसै अवधिमा बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अभियानको थालनी भयो, जसले बालबालिका र विद्यालयलाई कुनै पनि राजनीतिक स्वार्थको उत्थान होस् वा दमनका लागि प्रयोग गरिनु हुँदैन भन्ने कुरालाई जोडदार रूपमा उठायो ।

यस अभियानको एक संस्थापक सदस्यका हैसियतमा यस पंक्तिकारले पनि त्यस बखतको त्रासदीपूर्ण अवस्थामा पनि बालबालिकाको संरक्षणका निमित्त शाही सेनादेखि माओवादी सेनाका नेतृत्वहरूसँग संवाद गर्दै केही मान्यताहरू स्थापित गरिएका थुप्रै घटनाक्रम स्मरणमा छन् ।

शान्ति सम्झौतापश्चात् देशको बदलिँदो राजनीतिक संरचना, नयाँ संविधानको निर्माण र नयाँ कानुनहरूको निमार्णका क्रममा बालअधिकारलाई उच्च प्राथमिकतामा राख्न धेरै प्रयत्नहरू भए । यस क्रममा बालबालिकाको राजनीतिक प्रयोगलाई कानुनी रूपमा नै प्रतिबन्ध गरिनुपर्ने विषय पनि गम्भीरतापूर्वक उठ्यो, जसको फलस्वरुप संविधानमा बालबालिकाको हकका रूपमा बालअधिकारका आधारभूत पक्षहरूलाई समेट्न सकिएको छ ।

यसैगरी, राज्यका नीतिका रूपमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइनुपर्ने कुरासमेत उल्लेख भएको छ । संविधानअनुरुप कानुन परिमार्जनका क्रममा बालबालिकासम्बन्धी ऐनले थप व्याख्या गर्दै बालबालिकाको संरक्षणको अधिकारका रूपमा कुनै पनि बालबालिकालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था दफा ७ को उपदफा (७) मा गरेको छ ।कसैले यस परिच्छेदमा उल्लिखित अधिकार उल्लंघन गरेमा दण्डनीय कार्य हुने भएकाले ५० हजार रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था छ । यस अतिरिक्त दफा ६६ (२) (छ)ले बालबालिकालाई राजनीतिक प्रयोजनका लागि संगठित गर्ने कार्यलाई बालबालिकाविरुद्धको कसुर मानी दफा ७२ (३) (ख) अनुसार ७५ हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैदको सजाय हुने व्यवस्था गरेको छ ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३को दफा १४ ले स्पष्ट रूपमा राजनीतिक दलको सदस्य हुन १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने उल्लेख गरेको छ । जुन ऐनअन्तर्गत दल दर्ता भएर निर्वाचन लडेर दुईतिहाइबराबरको मत आर्जन गरी नेपालको इतिहासमा सर्वशक्तिमान सरकार बनाएको छ, सोही दलले त्यही कानुनको ठाडो उल्लघंन गरेको देखिनुले गम्भीर प्रश्न खडा गरेको छ ।

निर्वाचन आचारसंहितामा पनि बालबालिकालाई राजनीतिक दलले प्रयोग गर्न नपाइने स्पष्ट उल्लेख छ । विगतमा कुनै पनि दलले बालबालिकालाई सिधै दलको सदस्यता दिएको जानकारी छैन, तर भ्रातृ संगठन विशेषतः विद्यार्थी संगठनमा आबद्ध गराई प्रयोग गर्ने गरेको देखिन्छ । यस सन्दर्भमा सदस्यको प्रकरणमा रास्वपा

> राजनीतिक दलसम्बन्धी ऐन २०७३को दफा १४ ले स्पष्ट रूपमा राजनीतिक दलको सदस्य हुन १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने उल्लेख गरेको छ । जुन ऐनअन्तर्गत दल दर्ता भएर निर्वाचन लडेर दुईतिहाइबराबरको मत आर्जन गरी नेपालको इतिहासमा सर्वशक्तिमान सरकार बनाएको छ, सोही दलले त्यही कानुनको ठाडो उल्लघंन गरेको देखिनुले गम्भीर प्रश्न खडा गरेको छ ।

पुराना अन्य दलभन्दा अझ स्पष्ट रूपमा बालअधिकारको उल्लंघनमा लागेको हो कि भन्ने देखिन्छ ।

विद्यालय तहमा कुनै पनि राजनीतिक दलका भ्रातृ संगठन गठन गरिनु हुँदैन भन्ने कुरा बालअधिकार कर्मीहरूबाट जोडदार रूपमा उठेपछि विगतमा विद्यालयमा भ्रातृ संगठन गठनमा केही न्यूनता आएको थियो । बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अवधारणाअनुरुप विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा एवं कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई दलगत राजनीति एवं अन्य हस्तक्षेपबाट मुक्त राखिनुपर्ने उल्लेख गरेको छ ।

पुराना दलभन्दा फरक नयाँ काम गर्ने हुटहुटीमा नै बालबालिकालाई विद्यमान कानुनी व्यवस्थाहरूको विपरीत सदस्य बनाउन थालिएको हो कि यो व्यवस्थापनकै कमजोरी हो भन्नेबारेमा रास्वपाले स्पष्ट पार्नुपर्ने देखिन्छ ।

दलको सदस्यताको खण्डीकृत विवरण सार्वजनिक गर्नु पारदर्शिताको दृष्टिबाट राम्रो हो । तर, रास्वपाको पक्षमा आएको ठूलो बाढीमा गैरकानुनी काम भएर आएको भए पनि नेतृत्व तहले यसलाई सच्याएर कुल सदस्य संख्याको ६.७ प्रतिशत अर्थात् ३५ हजार २ सय ५७ जना अठार वर्षमुनिका बालबालिका देखिएकाले सो सदस्यता कानुनविपरीत भएकाले खारेज गरिएको छ र अब आइन्दा उमेर नपुगेकालाई सदस्यता प्रदान नगर्नू भन्ने उल्लेख भएको भए सह्रानीय हुने थियो ।

काम गर्दै जाँदा गलत भए पनि सच्याउन तयार रहने अग्रगामी शक्ति भएको पुष्टि हुने थियो । तर, हालसम्म यसबारेमा दलको आधिकारिक धारणा सुन्न पाइएको छैन र सोको प्रतीक्षा छ । तर, दुःखपूर्वक भन्नुपर्छ- विगतका कतिपय घटनाहरूले हामीबाट गल्ती नै हुँदैन भन्ने दम्भ बढ्दै गएको हो कि जस्तो देखिएको छ, जुन परिवर्तनकामी शक्तिका लागि अत्यन्त प्रत्युपादक हुने देखिन्छ । त्यसमा पनि समाजका अति संवेदनशील बालबालिकाको विषयमा दलको नेतृत्व तह अझ गम्भीर हुन जरुरी छ । तर, अब अन्य विषयमा जस्तै यसमा पनि बालबालिकाले किन राजनीति गर्न नपाउने, यस्ता कानुन मान्दैनौं, हामी सर्वशक्तिमान छौं भन्ने तर्कवितर्क नउठ्ला भन्न सकिन्न ।

आवश्यक परेमा यसबारेमा बेग्लै थप खुला छलफल गरौंला । कलेजमा राजनीति भयो भनेर वयष्क विद्यार्थीका संगठन खारेज गर्ने सरकारको दलले उल्लेख्य संख्यामा बालबालिकालाई दलको सदस्य बनाउनु आफैँमा विरोधाभाषपूर्ण देखिन्छ । माथि उल्लिखित कानुनी प्रावधानहरूका आधारमा यदि यो विषय अदालत प्रवेश गरेमा प्रचण्ड जनमतले शक्तिशाली बनेको दल दण्डित हुन सक्ने देखिन्छ, जसबाट निर्वाचनमा मत दिने सबै लज्जित हुनुपर्ने अवस्था आइपर्छ ।

अतः यसलाई सुधार गर्दै दलभित्र बालबालिकाको विषयमा अवधारणात्मक स्पष्टता ल्याउन अनुरोध छ । देश बनाउने जिम्मा तपाईंहरूकै काँधमा आएको छ र जनताको अपेक्षा अहिले पनि पूरा भएन र विधिसम्मत ढंगले चल्न सकिएन भने सबै नेपालीका लागि दुर्भाग्य हुनेछ । यो लेख शिलापत्रडटकमबाट साभार गरिएको हो ।

# रसिक निवास स्वामित्व जग्गाको अवस्था सार्वजनिक गर्न माग




**टुडे समाचारदाता**

जनकपुरधाम। ऐतिहासिक तथा धार्मिक महत्व बोकेको जनकपुरधाम उपमहानगरपालिका-८ स्थित रसिक निवास (पिठ) को स्वामित्वमा रहेका जग्गाको वास्तविक अवस्था सार्वजनिक गर्न स्थानीयवासीले माग गरेका छन्।

पिठको नाममा रहेको सम्पत्तिको संरक्षण, उपयोग र स्वामित्व सम्बन्धी स्पष्ट विवरण सार्वजनिक हुनुपर्ने भन्दै उनीहरूले वडा कार्यालयसँग औपचारिक रूपमा जानकारी माग गरेका हुन्।

स्थानीयवासीहरुले रसिक निवासको नाममा रहेका जग्गाको क्षेत्रफल, हालको अवस्था, भोगचलन, अतिक्रमण भएको वा नभएको, तथा आय-व्ययसम्बन्धी विवरणबारे सर्वसाधारणलाई जानकारी उपलब्ध छैन। यसले विभिन्न आशंका उत्पन्न गरेको भन्दै पारदर्शिताका लागि सम्पूर्ण अभिलेख सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ।

जनकपुरधाम उपमहानगरपालिका-८ का वडा अध्यक्ष दिनेश सिंहलाई सम्बोधन गर्दै पिठको स्वामित्वमा रहेका सबै जग्गाको अद्यावधिक विवरण सार्वजनिक गर्न आग्रह स्थानीयले गरेका छन्। सार्वजनिक सम्पत्ति वा धार्मिक गुठीसँग सम्बन्धित सम्पत्तिको व्यवस्थापन पारदर्शी हुनुपर्छ र त्यसबारे नागरिकले जानकारी पाउने अधिकार सुनिश्चित हुनुपर्ने उनीहरुको भनाई छ।

धार्मिक तथा सांस्कृतिक सम्पदासँग जोडिएका जग्गाहरूको संरक्षण र व्यवस्थापन प्रभावकारी बनाउन पहिले त्यसको वास्तविक अवस्था सार्वजनिक हुनु आवश्यक रहेको स्थानीय नागरिक समाजका अगुवाहरुको माग छ। उनीहरूका अनुसार जग्गाको अभिलेख, नक्सा, क्षेत्रफल, भोगाधिकार र हालको उपयोगबारे स्पष्ट सूचना सार्वजनिक भए सम्भावित विवाद तथा भ्रम पनि हट्नेछ।

स्थानीयवासीले वडा कार्यालयमार्फत सम्बन्धित निकायसँग समन्वय गरी रसिक निवास (पिठ) को नाममा रहेका सम्पूर्ण जग्गाको विवरण सार्वजनिक गर्न, आवश्यक परे स्थलगत अनुगमन गर्न तथा सार्वजनिक सुनुवाइसमेत आयोजना गर्न माग जोडदार रुपमा गरेका छन्। यस सम्बन्धमा वडा कार्यालयले भने औपचारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन।

# ४२ दिनदेखि राजविराजवासीको आन्दोलन जारी

**टुडे समाचारदाता**

राजविराज। सप्तरी जिल्लाको सदरमुकाम राजविराज नगर स्थापना भएको ८५ वर्ष बितिसक्दा पनि विटौरी जग्गामा बसोवास गर्दै आएका हजारौं परिवार जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) बिना नै बसोबास गर्दै आएका छन्।

हकभोग गर्दै आएको जग्गाको स्वामित्व सुनिश्चित गर्नुपर्ने मागसहित स्थानीयवासीले सञ्चालन गरेको आन्दोलन शनिबार ४२ औं दिनसम्म जारी रहेको छ। आन्दोलनरत पक्षले राजविराज स्थापनाकालदेखि बसोवास गर्दै आएका नागरिकलाई हकभोगका आधारमा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउनुपर्ने एक सूत्रीय माग गर्दै आएको छ।

लालपुर्जा वितरणको सुनिश्चितता नभएसम्म आन्दोलन जारी रहने उनीहरूको भनाइ छ। लालपुर्जाको माग गर्दै स्थानीयवासीले नगरपालिकाको कार्यालयमा तालाबन्दी, रिले अनसन, धर्ना तथा अर्धनग्न, टर्च लाइट बालेर, गुलाबको फूल, सिटी बजाउने र नक्कली घर प्रदर्शन जस्ता विभिन्न प्रकारका साङ्केतिक विरोध गर्दै आएका छन्।

आन्दोलनका क्रममा प्रहरीले नगरपालिकामा लगाइएको ताल्चा खोलेर आन्दोलनकारीलाई हटाएको तथा लाठीचार्ज गरेपछि आन्दोलनलाई थप सशक्त बनाउँदै दैनिक रूपमा विभिन्न स्वरूपका शान्तिपूर्ण प्रदर्शन भइरहेको छ। उनीहरूले 'एउटै नारा, एउटै आवाज, हाम्रो प्यारो राजविराज' र 'आश्वासन होइन, लालपुर्जा चाहिन्छ' लगायतका नारासहित प्रदर्शन गर्दै आएका छन्।




स्थानीय ७० वर्षीय बिन्देश्वर साहका अनुसार वि.सं. १९९८ मा राजविराज नगर स्थापना गर्दा तत्कालीन सदरमुकाम हनुमाननगरबाट नागरिकलाई स्थानान्तरण गरी विटौरी जग्गामा व्यवस्थित रूपमा बसोवास गराइएको थियो। कर्मचारी आवासका लागि छुट्याइएको १० बिघासहित करिब ७० बिघा क्षेत्रका पाँच हजारभन्दा बढी परिवार अहिले पनि जग्गाधनी प्रमाणपुर्जाको प्रतीक्षामा रहेका छन्।

स्थानीय सचिन्द्र दासले नगरवासीले सुरुदेखि नै सरकारलाई तोकिएको राजस्व तथा भूमिकर (विटौरी कर) तिर्दै आएको बताए। ७५ वर्षीय थानसिंह भन्सालीका अनुसार राजविराज नगरपञ्चायत स्थापना भएपछि वि.सं. २०१६ देखि विटौरी कर उठाउन थालिएको थियो भने वि.सं. २०२८ को नापी अभिलेखमा सम्बन्धित जग्गा ब्लक जग्गाका रूपमा कायम गरिएको छ।

विगतमा विटौरी रसिदलाई आधार मानेर जग्गाको खरिद-बिक्री, धितो, बैंकिङ कारोबार र अंशबण्डासमेत हुँदै आएको थियो। पछिल्ला वर्षमा ती सबै प्रक्रिया रोकिएपछि स्थानीयवासीले आफ्नै जग्गाको पूर्ण उपभोग गर्न नपाएको सचिन्द्र दासले बताए।

आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले नापी कार्यालयले लालपुर्जा वितरणसम्बन्धी जानकारीपत्र जारी गरिसकेको भए पनि वितरण प्रक्रिया अघि बढ्न नसकेको बताए। कुनै निकायबाट औपचारिक रूपमा वितरण रोक्न निर्देशन नआएको अवस्थामा पनि प्रक्रिया रोकिएकाले तत्काल लालपुर्जा वितरण गर्नुपर्ने उनको भनाई छ।

आन्दोलनकारीका अनुसार वि.सं. २०२८ मा करिब ६० बिघा क्षेत्रलाई नापी कार्यालयले ब्लक जग्गाका रूपमा अभिलेख कायम गरेको थियो। त्यसै आधारमा लालपुर्जा वितरण हुनुपर्ने उनीहरूको माग छ। राजविराज नगरपालिकाअन्तर्गत १० बिघे ब्लक क्षेत्रका केही जग्गामा भने नापी कार्यालयको सिफारिसका आधारमा मालपोत कार्यालयबाट यसअघि नै जग्गाधनी प्रमाणपुर्जा वितरण भइसकेकाले समान प्रकृतिका बाँकी जग्गामा पनि सोही आधारमा लालपुर्जा वितरण गर्न आन्दोलनरत पक्षले सरकारसँग माग गरेको छ।

राजविराज नगरपालिकाभित्र रहेको विटौरी जग्गाको दर्ता तथा स्वामित्वसम्बन्धी विवाद समाधानका लागि नेपाल सरकारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा उपसचिव नरेन्द्र पौडेलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ।

असारको सुरुमै गठन गरिएको समितिलाई राजविराज नगरपालिका अन्तर्गतको जग्गा दर्तासम्बन्धी समस्याको अध्ययन गरी १५ दिनभित्र समस्याको पहिचान, समाधानका उपाय तथा दीर्घकालीन कार्ययोजनासहितको प्रतिवेदन सरकारसमक्ष पेस गर्ने कार्यादेश दिइएको छ।

समितिमा नापी विभागका प्रमुख नापी अधिकृत दिनेश काफ्ले, अभिलेख विभागका निर्देशक खिमानन्द आचार्यसहित पाँच सदस्य रहेको छ। समितिले केही दिनअघि राजविराजमा आएर अध्ययन, अवलोकन, सकारवालासँग छलफल तथा संवाद गरेर फर्किसकेको आन्दोलन समितिका संयोजक दासले जानकारी दिएका छन्। उनका अनुसार समितिको प्रतिवेदनका आधारमा आवश्यक निर्णय प्रक्रिया अघि बढाइनेछ।

## गिरी पक्राउले कारागारभित्रै प्रदर्शन

**टुडे समाचारदाता**

विराटनगर। मोरङ जिल्ला कारागारका कैदीबन्दीको गर्मी भत्ता दुरुपयोग गरेको आरोपमा पक्राउ परेका कांग्रेस नेता अभिषेक गिरी पक्राउ परेका छन्। उनको पक्ष र विपक्षमा कारागारभित्र प्रदर्शन भएको छ।

प्रहरीले गिरीलाई शनिबार बिहान विराटनगर-८ मधुमारास्थित निवासबाट पक्राउ गरेको हो। पक्राउपछि शनिबार दिउँसो कारागारभित्र रहेका कैदीबन्दीले प्रदर्शन गरेका हुन्। जिल्ला कारागार मोरङका जेलर राजन घिमिरेका अनुसार बी ब्लकका कैदीबन्दीले गिरीको समर्थनमा प्रदर्शन गरेका छन् भने ए ब्लकका कैदीबन्दीले उनको विरोधमा नाराबाजी गरेका छन्।

मोरङ कारागारमा तीन वटा ब्लकमा गरी एक हजार १८५ कैदीबन्दी छन्। तीमध्ये ए ब्लकमा ५३९, बी ब्लकमा ५३६ र महिला ब्लकमा ११० जना रहेका छन्। सरकारले गर्मी भत्ताबापत प्रत्येक कैदीबन्दीलाई दुई हजार पाँच सय रुपैयाँ उपलब्ध गराएको थियो।

बी ब्लकका ५३६ कैदीबन्दीका लागि वितरण गरिएको १३ लाख ४० हजार रुपैयाँ वितरणको केही समयपछि हराएको भन्दै गिरीमाथि दुरुपयोगको आरोप लागेको छ। सोही घटनाको अनुसन्धानका क्रममा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउपछि गिरीले छाती दुखेको गुनासो गरेपछि उनलाई उपचारका लागि प्रहरीले कोशी अस्पताल भर्ना गरेको छ। अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दामा नौ वर्ष कैद सजाय भुक्तान गरी दुई वर्षअघि कारागारबाट रिहा भएका गिरीमाथि रिहाइपछि पनि कारागारको आन्तरिक व्यवस्थापनमा प्रभाव कायम राखेको आरोप लाग्दै आएको छ।

# सत्य तथ्य समाचार सम्प्रेषण गर्न सुझाव

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले पत्रकारले सत्य तथा यर्थातमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने सुझाव दिएका छन्।




मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा धनुषाका पत्रकारहरूका लागि "विश्वसनीय,मर्यादित र व्यवसायीक पत्रकारिता प्रवर्द्धनका लागि आचार संहिता तथा भाषा र शैली" सम्बन्धि एक दिने अभिमुखीकरण सम्बन्धि कार्यक्रमको जनकपुरधाममा उद्धाटन गर्दै उनले गलत सूचनाले समाजमा भ्रम सृजना गर्ने भएकाले जहिले पनि पत्रकारहरूले सत्य तथा यथार्थमा आधारित भएर समाचार सम्प्रेषण गर्नु पर्ने बताए।

सञ्चारमन्त्री महतोले स्वतन्त्र तथा निष्पक्ष पत्रकारिताले मात्र लोकतन्त्र बलियो हुने भएकाले निष्पक्ष रुपमा कलम चलाउन सञ्चारकर्मीहरूसँग आग्रह गदै प्रदेश सरकार स्वतन्त्र पत्रकारिताका लागि प्रतिबद्ध रहेको भने।

आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले विगतमा पत्रकारहरूका लागि गरिएको दुर्घटना तथा स्वास्थ्य बिमाबाट मधेश प्रदेशका पत्रकारहरूले खासै लाभ लिन नसकेको कारणले उक्त कार्यक्रम स्थगित गर्नु परेको बताउँदै पत्रकारका लागि लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिएको बताए।

नेपाल पत्रकार महासङ्घ लेखा समितिका संयोजक केसी लामिछानेले प्रदेश सरकारले पत्रकारिता क्षेत्रको विकासका लागि गर्नुपर्ने लगानी गर्न नसकेको गुनासो गरे।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेश कुमार कर्णले मधेश प्रदेश सरकारले आफै सञ्चार माध्यम खोलेर नीजि क्षेत्रका सञ्चार माध्यमलाई सखाप गर्ने नीति लिएको भनी चिन्ता व्यक्त गरे।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झाको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ता तथा मिडिया काउन्सिल मधेश प्रदेशका कार्यालय प्रमुख ओम विक्रम कटुवालले पनि आ आफ्ना धारणा राखेका थिए।

सो एक दिने अनुशिक्षणमा वरिष्ठ पत्रकार धर्मेन्द्र झा र पत्रकार अनिल कर्णले सहभागी पत्रकार हरूलाई पत्रकार आचारसंहिता र मर्यादित पत्रकारिता सहित विभिन्न विषयमा अनुशिक्षण दिएका थिए।

# श्रममन्त्री यादवसँग साउदी अरबका राजदूतको शिष्टाचार भेट

काठमाण्डु। युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवसँग नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए. मिएखरले शिष्टाचार भेट गर्नुभएको छ।

भेटका क्रममा मन्त्री यादवले साउदी अरबले कार्यान्वयन गर्न सीप प्रमाणीकरण प्रक्रियासम्बन्धी अन्योलका कारण समस्यामा परेको अवस्थाप्रति ध्यानाकर्षण गराउँदै मन्त्री यादवले श्रमिकको रोजगारीमा कुनै अवरोध नआउने वातावरण सुनिश्चित गर्न आग्रह गर्नुभयो। उहाँले सीप प्रमाणीकरण (एसभिपी)



लागेको नेपाली श्रमिकहरूको सीप प्रमाणीकरण (एसभिपी) प्रक्रियालाई स्थगन गर्न विशेष आग्रह गर्नुभयो। साथै, उक्त प्रक्रियाका कारण नेपाली श्रमिकको भिसा प्रक्रिया प्रभावित नहोस् र भिसा प्रक्रिया यथावत् अगाडि बढाइयोस् भन्ने विषयमा पनि उहाँले विशेष अनुरोध गर्नुभयो।

हाल साउदी अरब जान तयारी अवस्थामा रहेका नेपाली श्रमिक प्रक्रियासँग सम्बन्धित सबै विषय द्विपक्षीय परामर्श र सहमतिका आधारमा स्थापित संयन्त्रमार्फत समाधान गरिनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा राजदूतले साउदी सरकारसँग आवश्यक परामर्शपश्चात् यस सम्बन्धमा थप जानकारी उपलब्ध गराइने जानकारी गराउनुभएको श्रमन्त्रीको सचवालयले जनाएको छ। रासस

# बेवारिसे भारतीय स्कोर्पियो भन्सार बुझाइयो

**टुडे समाचारदाता**




रौतहट। भन्सार छली गरी नेपाल भित्र्याइएको आशंकामा रौतहट प्रहरीले बेवारिसे अवस्थामा रहेको भारतीय नम्बर प्लेटको स्कोर्पियो गाडी बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ। साथै, विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका ६ जनालाई पनि पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार भारतीय नम्बर डब्लु बी ०२ डब्लु १५८७ भएको स्कोर्पियो गत जेठ ३१ गते साँझ मौलापुरस्थित आईटी चोक नजिक सडक छेउमा बेवारिसे अवस्थामा फेला परेको थियो। प्रहरी टोलीले गाडीबारे आवश्यक सोधपुछ गरे पनि कसैले स्वामित्व दाबी नगरेपछि नियन्त्रणमा लिइएको थियो।

प्रहरीले करिब २० लाख रुपैयाँ मूल्यांकन गरिएको उक्त स्कोर्पियो शुक्रबार आवश्यक कानुनी कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाएको जनाएको छ। गाडी फेला परेको मितिदेखि शुक्रबारसम्म पनि कसैले दाबी नगरेकाले भन्सारमा पठाइएको प्रहरीको भनाइ छ।

यसैबीच, फैसला कार्यान्वयन अभियान अन्तर्गत प्रहरीले विभिन्न मुद्दामा अदालतबाट सजाय र जरिबाना तोकिएपछि फरार रहेका ६ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा चेक अनादर मुद्दाका माधवनारायण नगरपालिका-५ का दुर्गा सहनी, चन्द्रपुर-१० का राकेश साह र विनोद अर्याल रहेका छन्।

यस्तै, कुटपिट मुद्दाका राजपुर-१ का रामचन्द्र यादव र रामशंकर यादव तथा जालसाजी मुद्दाका राजदेवी-८ का सुखाडी यादव पक्राउ परेका छन्। उनीहरूबाट अदालतले तोकेको ३ लाख ४० हजार रुपैयाँ जरिबाना असुल गरी फैसला कार्यान्वयनका लागि शुक्रबार जिल्ला अदालत गौरमा उपस्थित गराइएको डीएसपी गौतमले जानकारी दिएका छन्।


## श्री शंकर जनता माध्यमिक विद्यालय

**चक्कर, धनुषा**

## टेण्डर सूचना

**सूचना प्रकाशित मिति: २०८३/३/१४ गते**

यस विद्यालयको वि.व्य.स. को मिति २०८३/३/१२ गते को निर्णय अनुसार साविक जि.धनुषा गा.वि.स. चक्कर वडा नं. २ को चक्करदय पोखरी -१ र एजन मा पर्ने पोसनाही पोखरी १ हाल औरही गा.पा. ५ मा पर्ने पोसनाही-१ र वडा नं. ६ मा पर्ने चक्करदय पोखरी-१ समेत दुई पोखरीहरु माछापालनका लागि ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का स्वीकृत भएको मितिले ४ वर्षका लागि तपसिलका शर्तहरुको अधिनमा रही पोखरीहरुको डील बाहेक जलाशय माछापालनको लागि ठेक्का लगाउनु पर्ने हुँदा इच्छुक नेपाली नागरिकहरुको लागी मिति २०८३/०३/१४ गते ४ गते आइतबारका दिन सिलबन्दी टेण्डर आह्वान गरिएको छ।

**तपसिल शर्तहरू:**

१. टेण्डर फारम विद्यालयवाट रु ५००/- अक्षरेपी पाँच सय मात्र तिरी प्राप्त गर्न सकिन्छ।
२. टेण्डर साथ आफूले कबुल गरेको जम्मा रकमका ५% रकम यस विद्यालयको सनराइज बैंक लि. को च. हि. न. ०८००७१५८६५७०१००१ मा जम्मा गरेको सक्कल भाउचर मात्र दरखास्त साथ पेश गर्नु पर्नेछ। साथै अर्नेष्ट मनी अन्तिम किस्तामा मिनाहा गर्नेछ।
३. पोखरीहरुको पानी र माछाको सम्पूर्ण जिम्मेवारी पोखरी ठेकेदारको हुनेछ।
४. टेण्डर फारममा रकम (आफूले कबुल गरेको) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट लेख्नुपर्ने छ।
५. किस्ता रकम प्रत्येक वर्षको मंसिर र जेष्ठ मसान्त सम्म चुक्ता गर्नुपर्ने छ।
६. विद्यालयको पछिल्लो कुनै रकम बक्यौता राख्ने व्यक्ति वा ठेकेदारको टेण्डर मान्य हुने छैन।
७. टेण्डर दिने अन्तिम मिति २०८३/०३/१९ गते शुकबार सम्म रहनेछ र मिति २०८३/०३/२० गते शनिबारका दिन १० बजे सम्म रकम बुझाएको भौचर यस विद्यालयमा बुझाउन पर्नेछ र सोही दिनको १२:०० बजे विद्यालयको प्राङ्गनमा टेण्डरदाताको प्रतिनिधि, सुरक्षा निकाय, औरही गा.पा. धनुषाको प्रतिनिधि र अन्य महानुभावहरुको समक्ष टेण्डर खोलिने छ। साथै टेण्डरदाता वा टेण्डरदाताको प्रतिनिधि उपस्थित नरहे पनि टेण्डर खोलिने कार्य रोकिने छैन।
८. स्वीकृत टेण्डरदाताले (ठेकेदार) टेण्डर स्वीकृतिको सूचना पाएको मितिले ७ दिन भित्रमा स्वीकृत टेण्डरदाताले कबुलियत गर्नुपर्ने छ।
९. स्वीकृत टेण्डरदाताले (ठेकेदार) टेण्डर स्वीकृतीका सूचना पाएको मितिले १५ दिन भित्र धनजमानीको प्रक्रिया अवलम्बन गरी मालपोत कार्यालय वा सम्बन्धित गा.पा. बाट मूल्याङ्कन गराई जग्गा मालपोत कार्यालय, धनुषाबाट विद्यालयको नाममा रोक्का गराउनुपर्नेछ र सो बापतको आवत-जावत खर्च स्वीकृत टेण्डरदाताले स्वयं गर्नुपर्नेछ।
१०. कबुल गरी ठेक्का नलिएमा अर्नेष्ट मनि फिर्ता हुने छैन।
११. टेण्डर रकम रु ७६,५१,००५/- अक्षरेपी छिहत्तर लाख एकावन्न हजार पाँच मात्र भन्दा कम रकमको टेण्डर मान्य हुने छैन। टेण्डर स्वीकृत गर्ने वा नगर्ने अधिकार विद्यालयमा सुरक्षित रहनेछ। साथै समयको घटबढ विद्यालयले गर्न सकिने छ।
१२. विशेष जानकारीको लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।
१३. रीत नपुगेको टेण्डर मान्य हुने छैन।
१४. टेण्डर स्वीकृत भएको मितिले १५ दिन भित्र चलन पूर्वी लिनु पर्नेछ।
१५. विद्यालयलाई चक्करदय पोखरी र पोसनाही पोखरीको सौन्दर्यकरण गर्नको लागि घाट निर्माण वा अन्य कार्य गर्नुपर्दा उक्त पोखरीको पानी निकाल्नु परेमा सम्बन्धित ठेकेदारले कुनै बाधा विरोध गर्न पाउने छैन।

**प्राधानाध्यापक**


# दलितको पहुँच विस्तारमा प्राथमिकता दिनुपर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम। बाराको कलैयामा दलित सरोकारवालासँग दलित विकास समिति, मधेश प्रदेशको आयोजनामा नेतृत्व विकाससम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।




कार्यक्रममा बोल्ने सहभागी वक्ताहरूले दलित समुदायको सशक्त नेतृत्व विकास, राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व तथा शिक्षामा पहुँच विस्तारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्।

समितिका उपाध्यक्ष जितेन्द्र पासमानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव सुशीलकुमार साहले मधेश प्रदेशमा उल्लेख्य जनसंख्या रहेको दलित समुदायलाई राज्यका सबै निकायमा प्रभावकारी पहुँच दिलाउन नेतृत्व विकास अपरिहार्य रहेको बताए।

उनले दलित विकास समिति प्रदेश सरकारले दलित समुदायको उत्थान, विकास र समृद्धिका लागि स्थापना गरेको महत्वपूर्ण संयन्त्र भएको उल्लेख गर्दै अन्तरक्रियाबाट प्राप्त सुझावहरूले प्रदेश सरकारलाई नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सहयोग पुग्ने भने।

सचिव साहले प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा मन्त्रालयमार्फत दलित समुदाय लक्षित विभिन्न कार्यक्रम समावेश गरेको जानकारी दिँदै कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्वयं दलित समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए।

त्यस्तै कार्यक्रमका विशिष्ठि अतिथि संघ सरकारकी पूर्व भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री कलावती पासमानले दलित समुदायको पीडा सुनाउँदै भनिन, 'दलित समुदायहरुलाई धेरै पीडा छन्, ब्याख्या गर्न चाहन्न, तर दलित समुदायहरुलाई जबसम्म शिक्षामा पहुँच हुँदैन राज्यको हरेक निकायमा पहुँच सम्भव छैन।

त्यसैले शिक्षा र राजनीतिमा लाग्न सबैमा आग्रह गरेकी छन्। अन्तरक्रियामा सहभागी दलित अगुवा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले राज्यका सबै निकाय र राजनीतिक दलमा जनसंख्याको आधारमा आरक्षण तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरेका थिए। उनीहरूले सामाजिक, राजनीतिक, सांस्कृतिक, भाषिक तथा धार्मिक विभेदका कारण दलित समुदाय पछाडि परेको उल्लेख गर्दै समावेशी प्रतिनिधित्वबिना समृद्धि सम्भव नहुने धारणा राखेका छन्।

उनीहरूले कानुन निर्माण भए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको, नीति तथा बजेट विनियोजनमा समेत विभेद हुने गरेको आरोप लगाउँदै दलित अधिकार सुनिश्चित गर्न सचेतना र निरन्तर संघर्ष आवश्यक रहेको बताए।

कार्यक्रममा मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले मधेश प्रदेशमा दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए। दलित समुदायको समस्या, समाधानका उपाय तथा राज्यको भूमिकाबारे विश्लेषण प्रस्तुत गर्दै मधेश प्रदेशमा करिब १८ प्रतिशत दलित जनसंख्या भए पनि उनीहरूको विकास, समृद्धि र राज्यका निकायमा पहुँच विस्तारका लागि अपेक्षित पहल हुन नसकेको कार्यपत्रमा उल्लेख छ।

त्यसैगरी इन्सेक मधेश प्रदेश संयोजक राजु पासमानले नेतृत्व विकास सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै दलित समुदायको राजनीतिक पहुँच कमजोर हुनुका कारण, सामाजिक विभेद, अस्वीकारको संस्कृति, नेतृत्व विकासका चुनौती तथा समावेशी नेतृत्वका आवश्यक गुणबारे धारणा राखेका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासमान, महासंघ बारा शाखाका उपाध्यक्ष पन्नालाल दास तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले पनि आ आफ्ना धारणा राखेका थिए।

# १० लाखसम्मको योजना रोक्का निर्णय खारेज



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको खर्च नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्न भनी अर्थमन्त्रालयले रोक लगाएको १० लाखसम्मका साना योजना मन्त्रिपरिषदको बैठकबाट फुकुवा गरिएको छ ।

मधेश प्रदेशका मन्त्रालयहरुबाट परेको चौतर्फी दबाव र संचार माध्यमहरुले योजना रोक्काले उत्पन्न समस्या उठान गरेपछि मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयले मन्त्रीस्तरीय रूपमा गरेको १० लाखसम्मको योजना रोक्का र जेठ २५ गतेपछि भएका सम्झौताको रकम रोक्का लगायतका निर्णय खारेज गरिएको हो ।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोका अनुसार क्याबिनेट बैठकले अर्थ मन्त्रालयले २६ जेठमा गरेको खर्च नियन्त्रणसम्बन्धी निर्णय खारेज गर्ने निर्णय गरेको छ । 'शुक्रबारको क्याबिनेटमा एउटा मात्र निर्णय भएको छ, अर्थ मन्त्रालयले २६ जेठमा गरेको निर्णय खारेज गर्ने,' उनले भने ।

सत्ता गठबन्धन परिवर्तनपछि अर्थमन्त्री बनेका नेकपा दलका नेता युवराज भट्टराईले २६ जेठमा खर्च कटौती तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले कडा निर्णय गरेका थिए । उनको निर्णयअनुसार १० लाख रुपैयाँसम्मका खुद्रे योजनाहरू कार्यान्वयन नगर्ने, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्र भुक्तानी गर्ने र त्यसपछि भएका योजनाको भुक्तानी नदिने व्यवस्था गरिएको थियो ।

उक्त निर्णय मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा अन्य सरकारी निकायलाई परिपत्रमार्फत कार्यान्वयन गर्न निर्देशन दिइएको थियो भने कार्यालय सामग्री तथा मसलन्द खरिदमा बाँकी बजेटको ३० प्रतिशत कटौती गरिएको थियो ।

इन्धन, सवारीसाधन, मेसिनरी मर्मत, सार्वजनिक सम्पत्तिको संरक्षण, छपाइ तथा सूचना प्रकाशन, कार्यक्रम सञ्चालन, तालिम, परामर्श, विज्ञापन र भ्रमणजस्ता शीर्षकमा बाँकी बजेटको ५० प्रतिशत रकम रोक्का राख्ने व्यवस्था गरिएको थियो ।

अर्थ मन्त्रालयले सवारीसाधन तथा मेसिनरी खरिद, वन तथा वातावरण संरक्षण, संरचना निर्माण, सूचना प्रणाली तथा सफ्टवेयर विकास, विभिन्न संस्थालाई अनुदान तथा पूँजीगत सहयोग, पशुपन्छी तथा बागवानी विकास, विद्युत् संरचना निर्माणलगायत शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण रकम रोक्का गर्ने निर्देशन समेत दिएको थियो ।

उक्त निर्णयले प्रदेशको खर्च प्रणालीमा कडाइ ल्याउने र अनावश्यक तथा दोहोरो खर्च नियन्त्रण गर्ने उद्देश्य लिएको बताइएको थियो । तर, अर्थ मन्त्रालयको उक्त निर्णयपछि प्रदेश सरकारभित्रै असन्तुष्टि चुलिएको थियो । मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित केही मन्त्रीहरूले निर्णयप्रति असन्तुष्टि जनाएका थिए भने कर्मचारी तहमा समेत नियमित कामकाज प्रभावित भएको गुनासो उठेको थियो ।

विशेषगरी १० लाख रुपैयाँसम्मका साना तथा खुद्रे योजनामा रोक लगाइएपछि स्थानीय तहका विकास निर्माण तथा नियमित कार्यक्रम प्रभावित भएको भन्दै व्यापक असन्तुष्टि देखिएको थियो ।

शुक्रबारको मन्त्रिपरिषद् निर्णयसँगै अर्थ मन्त्रालयले अघि सारेको खर्च नियन्त्रण तथा वित्तीय अनुशासन नीति तत्कालका लागि निष्क्रिय बनेको छ । अब प्रदेशका रोकिएका विभिन्न कार्यक्रमहरू पुनः अघि बढ्ने सम्भावना देखिएको छ ।

यससँगै तालिम, गोष्ठी, भ्रमण, परामर्श तथा अन्य सञ्चालन खर्चसम्बन्धी रोकिएका कार्यक्रमहरूले पुनः निरन्तरता पाउने भएको छ । तर, वित्तीय अनुशासन कायम गर्ने प्रयास खारेज भएसँगै प्रदेश सरकारको खर्च व्यवस्थापन र पारदर्शिताबारे फेरि प्रश्न उठ्ने देखिएको छ ।

# प्रदेश खारेजको निर्णयविरुद्ध जसपा नेपाल प्रतिवाद गर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीय लोकतान्त्रिक गणतन्त्र, प्रदेश संरचना तथा समावेशी व्यवस्थामाथि कुनै प्रकारको हस्तक्षेप भए त्यसको कडा प्रतिवाद गरिने चेतावनी दिएका छन् ।

शनिबार जनकपुरधाममा जसपा नेपालले आयोजना गरेको मधेश प्रदेशबाट प्रतिनिधिसभा निर्वाचन-२०८२ का सम्भावित उम्मेदवारहरूसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष यादवले संघीयता पुनरावलोकन वा प्रदेश खारेजीसम्बन्धी कुनै पनि निर्णय मधेशी समुदायलाई स्वीकार्य नहुने स्पष्ट पारे ।

उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशनबाट पारित संघीयता पुनर्संरचना तथा प्रदेश खारेजसम्बन्धी प्रस्ताव कार्यान्वयनको दिशामा अघि बढाइए त्यसको प्रतिरोधमा जसपा नेपालसँगै सम्पूर्ण मधेशी जनता सडकमा उत्रिने बताए ।

यादवका अनुसार संघीय शासन व्यवस्था कुनै राजनीतिक दलको कृपाबाट प्राप्त भएको उपलब्धि नभई सयौं मधेशी नागरिकको बलिदानी र लामो संघर्षको परिणाम हो । त्यसैले यसमाथि हस्तक्षेप गर्ने प्रयासको सशक्त प्रतिवाद गरिने उनको भनाइ थियो ।

संघीयताको रक्षा र मधेशी अधिकार सुनिश्चित गर्न आवश्यक परे फेरि आन्दोलन गर्नुपर्ने अवस्था आउन सक्ने उल्लेख गर्दै उनले त्यसका लागि मधेशी समुदायलाई तयार रहन आग्रह गरे। उनले जसपा नेपालको स्थापना नै सामाजिक न्याय, पहिचान र अधिकारको आन्दोलनलाई संस्थागत गर्न भएको उल्लेख गर्दै ती उद्देश्य पूरा नभएसम्म संघर्ष निरन्तर रहने बताए ।

मधेश प्रदेश समितिका अध्यक्ष बालकिशोर प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष यादवले एक पटकको निर्वाचन परिणामलाई अन्तिम निष्कर्षका रूपमा नलिन नेता तथा कार्यकर्तालाई सुझाव दिए। उनले गाउँ तहदेखि प्रदेशसम्म संगठनलाई अझ सुदृढ बनाउँदै आगामी निर्वाचन र राजनीतिक अभियानको तयारी अहिलेबाटै सुरु गर्न निर्देशनसमेत दिए ।

डिजिटल प्रविधिको विस्तारसँगै सामाजिक सञ्जाल प्रभावकारी राजनीतिक माध्यम बनेको उल्लेख गर्दै उनले पार्टीका नीति, विचार तथा गतिविधिलाई आमजनतासम्म पुऱ्याउन सामाजिक सञ्जालको सक्रिय उपयोग गर्न नेता-कार्यकर्तालाई आग्रह गरे ।

यादवले पार्टीभित्र इमानदार, सक्रिय युवा, महिला तथा दलित समुदायलाई नेतृत्व तहमा अवसर दिनुपर्ने आवश्यकता औंल्याए। विगतमा पार्टीलाई धोका दिने प्रवृत्तिलाई निरुत्साहित गर्दै संगठन पुनर्गठनसँगै नियमित वैचारिक प्रशिक्षण सञ्चालन गर्नुपर्नेमा पनि उनले जोड दिए ।

उनले आगामी स्थानीय, प्रदेश तथा संघीय निर्वाचनलाई ध्यानमा राख्दै सबै तहका नेता-कार्यकर्ताले निरन्तर जनताबीच पुग्नुपर्ने बताए। वर्गीय समानता, समाजवाद, सामाजिक न्याय तथा समावेशी शासनका एजेन्डालाई प्रभावकारी रूपमा जनस्तरसम्म पुऱ्याउनुपर्ने उनको धारणा थियो ।

फरक प्रसंगमा अध्यक्ष यादवले पछिल्ला तीन दशकभन्दा बढी अवधिमा पटक-पटक सरकार परिवर्तन भए पनि नागरिकले अपेक्षा गरेको सुशासन, विकास र रोजगारीको अनुभूति गर्न नसकेको दाबी गरे। यही अवस्थाका कारण परम्परागत राजनीतिक दलप्रति जनविश्वास क्रमशः कमजोर बन्दै गएको उनको टिप्पणी थियो ।

# मधेशमा आँप उत्पादन घट्यो



**टुडे समाचारदाता**

जनकपुरधाम। आँप उत्पादनका लागि देशकै प्रमुख क्षेत्र मानिने मधेश प्रदेशमा चालु आर्थिक वर्ष आँपको उत्पादन उल्लेखनीय रूपमा घटेको छ । खेती गरिएको क्षेत्रफल विस्तार भए पनि प्रतिकूल मौसम र रोग-किराको असरका कारण उत्पादनमा अपेक्षित वृद्धि हुन नसकेको सरकारी तथ्यांकले देखाएको छ ।

कृषि विकास निर्देशनालय, नक्टाझिज (धनुषा) ले सार्वजनिक गरेको विवरणअनुसार आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको थियो। प्रतिहेक्टर औसत ९.०४ मेट्रिक टन उत्पादकत्वका आधारमा कुल २ लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको छ ।

यसअघि आर्थिक वर्ष २०८१/०८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा आँप खेती हुँदा प्रतिहेक्टर औसत ११.४३ मेट्रिक टन उत्पादन भएको थियो। त्यस वर्ष प्रदेशभर ३ लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो। यसरी हेर्दा यस वर्ष खेतीयोग्य क्षेत्रफल २ हजार ६९४ हेक्टरले विस्तार भए पनि कुल उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ ।

निर्देशनालयका निर्देशक जितेन्द्र यादवका अनुसार उत्पादनमा आएको गिरावटको मुख्य कारण फूल फुल्ने र फल लाग्ने महत्वपूर्ण समयमा आएको हावाहुरी तथा रोग-किराको प्रकोप हो । उनले प्रतिकूल मौसम र कीराको आक्रमणले फल विकास प्रक्रियामा प्रत्यक्ष असर पुऱ्याएको बताए । उनका अनुसार पछिल्ला वर्षहरूमा किसानहरूले उन्नत जातका बिरुवा रोप्न थालेका छन् । साथै बगैंचा व्यवस्थापन, सिँचाइ सुविधा तथा आधुनिक खेती प्रणालीमा पनि सुधार आएको छ तर प्राकृतिक विपद् र रोग-किरा नियन्त्रण प्रभावकारी हुन नसक्दा अपेक्षा अनुरूप उत्पादन हासिल गर्न नसकिएको उनको भनाइ छ ।

निर्देशनालयको तथ्यांकले सिरहा र सप्तरीलाई प्रदेशका प्रमुख आँप उत्पादक जिल्लाका रूपमा देखाएको छ। यद्यपि उत्पादकत्वका हिसाबले यस वर्ष बारा अग्रस्थानमा रहेको छ, जहाँ प्रतिहेक्टर १३.८० मेट्रिक टन उत्पादन भएको छ। सबैभन्दा कम उत्पादकत्व भने सर्लाहीमा रहेको छ, जहाँ प्रतिहेक्टर ६.२० मेट्रिक टन मात्र उत्पादन भएको छ ।

जिल्लागत उत्पादन विवरण अनुसार धनुषामा ३ हजार ३२४ हेक्टर क्षेत्रफलबाट २३ हजार २७५ मेट्रिक टन, महोत्तरीमा ३ हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, सप्तरीमा ८ हजार ३८७ हेक्टरबाट ७५ हजार ५०० मेट्रिक टन तथा सिरहामा ९ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन आँप उत्पादन भएको छ ।

त्यस्तै रौतहटमा ४ हजार ७७ हेक्टर क्षेत्रबाट ५४ हजार ३७८ मेट्रिक टन, बारामा १ हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन, सर्लाहीमा २ हजार १०० हेक्टरबाट १३ हजार मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट ५ हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको निर्देशनालयले जनाएको छ ।

मधेश प्रदेशमा बम्बई, माल्दह, कृष्णभोग, दशहरी, जर्दा, अम्रपाली, बिजु, गुलाबखास र कलकतिया लगायतका विभिन्न जातका आँप व्यावसायिक रूपमा खेती हुँदै आएका छन्। कृषि विज्ञहरूले उत्पादनमा आएको गिरावटलाई न्यूनीकरण गर्न मौसमअनुकूल व्यवस्थापन, प्रभावकारी रोग-किरा नियन्त्रण र आधुनिक बगैंचा व्यवस्थापनलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

मधेशमा उत्पादन भएको आँप आन्तरिक बजारसँगै काठमाडौँ उपत्यका र देशका अन्य प्रमुख सहरहरूमा समेत आपूर्ति हुने गरेको छ । वैशाखदेखि असारसम्म स्थानीय आँप बजारमा आउने गर्छ । सुरुमा बम्बई जात र पछि माल्दह तथा अन्य जातका आँप बिक्रीमा आउँछन् ।

फलफूल तथा तरकारी व्यवसायी संघ जनकपुरधामका उपाध्यक्ष रमन झाका अनुसार यस वर्ष धार्मिक तथा सामाजिक गतिविधि घट्दा आँपको बिक्री प्रभावित भएको छ । जेठ महिनामा पुरुषोत्तम मास परेकाले विवाह, व्रतबन्ध तथा अन्य कार्यक्रम कम हुँदा माग घटेको उनले बताए ।

फलफूल व्यवसायी भुवनेश्वर साहका अनुसार आर्थिक मन्दीका कारण उपभोक्ताको खरिद क्षमता घटेको छ । पहिले १०-२० किलोसम्म आँप किन्ने ग्राहक अहिले एकदेखि डेढ किलोमै सीमित भएको उनको भनाइ छ ।

यसैबीच, आँप व्यवसायी मुकेश साहका अनुसार किसानबाट ४०-५० रुपैयाँ प्रतिकिलोमा खरिद गरिएको आँप थोक बजारमा ६०-६५ रुपैयाँ र खुद्रा बजारमा ८०-१०० रुपैयाँसम्म बिक्री भइरहेको छ । तर, बिक्री नहुँदा कतिपय व्यापारीलाई गोदाममै आँप कुहिने र फाल्नुपर्ने अवस्था समेत आएको व्यवसायीहरूको भनाइ छ ।

यसैबीच, कृषि तथा व्यवसाय क्षेत्रका सरोकारवालाहरूले रोग नियन्त्रण, प्राविधिक सहयोग, सिँचाइ विस्तार र किसानलाई अनुदान बढाउन सके आगामी वर्ष उत्पादन सुधार सम्भव हुने बताएका छन् । मधेश प्रदेशमा आँप खेती व्यावसायिक रूपमा विस्तार भइरहेको भए पनि प्राकृतिक जोखिम र व्यवस्थापकीय कमजोरीका कारण उत्पादन स्थिर राख्न चुनौती देखिएको छ ।

# उद्योग व्यवसाय प्रवर्द्धनका लागि एकता आवश्यक



**टुडे समाचारदाता**

जनकपुरधाम । उद्योग व्यवसायको प्रवर्द्धन, निजी क्षेत्रको सशक्त भूमिका तथा आर्थिक समृद्धिका लागि उद्योगी व्यवसायीबीच एकता आवश्यक रहेकोमा वक्ताहरूले जोड दिएका छन् ।

मिथिला उद्योग वाणिज्य संघ ढल्केबरको शनिवार सम्पन्न चौथो वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा बोल्ने वक्ताहरुले निजी क्षेत्र मुलुकको आर्थिक विकासको प्रमुख आधार भएकाले उद्योगी व्यवसायीका साझा समस्या समाधानका लागि सबै उद्योग वाणिज्य संघबीच सहकार्य र समन्वय आवश्यक रहेकोमा जोड दिए ।

कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले व्यवसायमैत्री वातावरण निर्माण गर्न सरकार र निजी क्षेत्रबीच प्रभावकारी संवाद हुनुपर्ने आवश्यकता रहेको बताए ।

मिथिला उद्योग वाणिज्य संघका अध्यक्ष तेज नारायण साहले संघले विगतका वर्षहरूमा व्यवसायीहरूको हकहित संरक्षण, व्यापार प्रवर्द्धन तथा संस्थागत विकासका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको उल्लेख गर्दै आगामी दिनमा पनि उद्योगी व्यवसायीको हितलाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सहभागी वक्ताहरूले मधेशको व्यापार, उद्योग, कृषि तथा लगानीको सम्भावना उजागर गर्दै स्थानीय उत्पादनको प्रवर्द्धन, उद्यमशीलताको विकास र युवालाई व्यवसायतर्फ आकर्षित गर्ने नीति आवश्यक रहेको बताएका थिए ।

अधिवेशन सफलतापूर्वक सम्पन्न भएको अवसरमा वक्ताहरूले आगामी निर्वाचन पनि शान्तिपूर्ण, निष्पक्ष र मर्यादित वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गर्दै सबै उम्मेदवारलाई सफलताको शुभकामना दिएका थिए ।

अध्यक्ष तेज नारायण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न उद्योगी, व्यवसायी, संघका पदाधिकारी तथा सरोकारवालाको सहभागिता रहेको थियो । सो कार्यक्रममा संघका वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा आगामी कार्ययोजनामाथि समेत छलफल गरिएको आयोजकले जनाएको छ ।

# अर्गानो-मिनरल तथा हाइब्रिड मल उत्पादन




**टुडे समाचारदाता**

रौतहट । नेपालमै पहिलो पटक अर्गानो-मिनरल तथा हाइब्रिड मल उत्पादन गर्ने आधुनिक उद्योग सञ्चालनको अन्तिम तयारीमा पुगेको छ । मधेश प्रदेशको रौतहटस्थित फतुवा विजयपुर नगरपालिका-९ हिमालीवासमा एमआर फर्टिलाइजर्स प्रा.लि. ले निर्माण गरिरहेको उद्योगले अगामी असोज महिनादेखि व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य लिएको जनाएको छ ।

कम्पनीका अनुसार उद्योग सञ्चालनमा आएपछि वार्षिक ५० हजार मेट्रिक टन अर्गानो-मिनरल तथा हाइब्रिड मल उत्पादन हुनेछ। नेपालमै पहिलो पटक यस प्रकारको मल उत्पादन हुन लागेकाले कृषि क्षेत्रमा नयाँ सम्भावना खुल्ने अपेक्षा गरिएको छ ।

उद्योगले अन्तर्राष्ट्रिय मापदण्डअनुसार अर्गानो-मिनरल मलसँगै विभिन्न प्रकारका प्लान्ट न्युट्रिएन्ट उत्पादन गर्ने तयारी गरेको छ। पछिल्लो समय रासायनिक मलको अत्यधिक प्रयोगका कारण माटोको उर्वराशक्ति घट्दै गएको चिन्ताका बीच अर्गानो-मिनरल मलले माटोको जैविक गुण संरक्षण गर्दै उत्पादन क्षमता वृद्धि गर्न सहयोग पुग्ने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ ।

कृषि विज्ञहरूका अनुसार सन्तुलित पोषकतत्वयुक्त मलको प्रयोगले बालीको वृद्धि, उत्पादन र गुणस्तरमा सकारात्मक प्रभाव पार्छ। स्वदेशमै यस्ता मल उत्पादन हुन थालेपछि किसानले गुणस्तरीय मल सहज रूपमा प्राप्त गर्ने, उत्पादन लागत घट्ने तथा कृषि उत्पादन बढ्ने अपेक्षा गरिएको छ ।

उद्योग सञ्चालनसँगै मधेश प्रदेशमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा स्थानीय युवाका लागि रोजगारीका अवसरसमेत सिर्जना हुने कम्पनीको दाबी छ। यसले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै औद्योगिक विकासमा समेत टेवा पुग्ने विश्वास गरिएको छ ।

हाल उद्योगको भौतिक संरचना निर्माण, अत्याधुनिक मेसिन जडान तथा प्राविधिक परीक्षणको काम तीव्र गतिमा भइरहेको कम्पनीले जनाएको छ। निर्धारित समयमै सबै तयारी पूरा गरी असोजदेखि नियमित उत्पादन सुरु गर्ने लक्ष्य रहेको छ ।

नेपालको कृषि क्षेत्र वर्षौंदेखि आयातित रासायनिक मलमा निर्भर रहँदै आएको छ ।

# देवसंस्कृति विश्वविद्यालयमा अंगदानको संकल्प



**टुडे समाचारदाता**

रौतहट । भारत सरकारले देशभर सञ्चालन गर्न लागिएको अंगदान जनचेतना अभियानलाई प्रभावकारी बनाउन अखिल विश्व गायत्री परिवारको सहयोग लिएको छ ।

देवसंस्कृति विश्वविद्यालय, शान्तिकुञ्जमा आयोजित 'दधीचि अंगदान संकल्प अभियान' विषयक राष्ट्रिय गोष्ठीलाई सम्बोधन गर्दै भारतका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाले अंगदानलाई मानव सेवाको सर्वोच्च कार्य भएको बताएका छन् । उनले अंगदानबाट धेरै बिरामीले नयाँ जीवन पाउने उल्लेख गर्दै भारतका २६ राज्यमा अंगदान अभियान सञ्चालन गरिने जानकारी दिएका छन् ।

उनले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको स्वास्थ्य सेवा क्षेत्रमा ऐतिहासिक सुधार भएको उल्लेख गर्दै स्वास्थ्य सेवालाई अझ सहज, प्रभावकारी र नागरिकमैत्री बनाउने दिशामा सरकार निरन्तर लागिरहेको बताए । नड्डाले अंगदान वैज्ञानिक तथा आध्यात्मिक दुवै दृष्टिकोणबाट महत्वपूर्ण रहेको धारणा राखेका छन् ।

कार्यक्रमको उद्घाटन दीप प्रज्वलनबाट गरिएको थियो। देशव्यापी अंगदान जनचेतना अभियानलाई व्यापक बनाउन केन्द्र सरकारले अखिल विश्व गायत्री परिवारसँग सहकार्य गरेको हो। युवा नेतृत्वकर्ता डा. चिन्मय पण्ड्याको नेतृत्वमा गायत्री परिवारले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, नशामुक्ति, व्यक्तित्व विकास तथा सामाजिक चेतना अभिवृद्धिजस्ता अभियान सञ्चालन गर्दै आएको छ ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले सनातन परम्परा त्याग, सेवा, समर्पण र परोपकारको महान् जीवनदर्शन भएको बताए । उनले महर्षि दधीचिले देवताका लागि आफ्नै अस्थिदान गरेको तथा राजा शिविले चराको रक्षा गर्न आफ्नै शरीरको मासु दान गरेको प्रसंग उल्लेख गर्दै भारतीय संस्कृतिमा परोपकारका लागि आफ्नो सर्वस्व अर्पण गर्नु सर्वोच्च धर्म मानिएको बताएका थिए ।

गोष्ठीको अध्यक्षता गर्दै देवसंस्कृति विश्वविद्यालयका प्रतिकुलपति डा. चिन्मय पण्ड्याले यज्ञ भारतीय संस्कृतिको मेरुदण्ड भएको बताए । उनका अनुसार यज्ञ केवल धार्मिक अनुष्ठान नभई जीवनलाई संस्कारित गर्ने वैज्ञानिक तथा आध्यात्मिक परम्परा हो। जन्मपूर्वका संस्कारदेखि जीवनको अन्तिम यात्रासम्म यज्ञको विशेष महत्व रहेको उल्लेख गर्दै उनले यज्ञले व्यक्ति, परिवार र समाजबीच समन्वय, त्याग, सहयोग, कर्तव्यबोध तथा लोककल्याणको भावना विकास गर्ने बताएका थिए ।

उनले यज्ञको वास्तविक उद्देश्य केवल अग्निमा आहुति दिनु नभई आफ्ना उत्कृष्ट विचार, समय, श्रम र स्रोतलाई समाज तथा राष्ट्रहितमा समर्पित गर्नु पनि भएको स्पष्ट पारेका थिए ।

कार्यक्रममा उत्तराखण्डका विपद् व्यवस्थापन मन्त्री मदन कौशिक, रामकृष्ण मिशनका सचिव स्वामी दयामूर्त्यानन्द, डा. अनिल कुमारलगायत विशेषज्ञहरूले अंगदानका वैज्ञानिक, कानुनी तथा सामाजिक पक्षबारे धारणा राखेका थिए ।

शान्तिकुञ्जका आचार्यहरूले वैदिक मन्त्रोच्चारणसहित देशका विभिन्न राज्यबाट आएका सहभागीलाई अंगदानको संकल्प गराएका थिए । कार्यक्रममा हजारौँ सहभागीले अंगदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सो अवसरमा राज्यमन्त्री ओमप्रकाश जमदग्नि, प्रो. मीनू सिंह, पद्मश्री नीलेश माण्डलेवाला, डा. विजय धस्माना, वरिष्ठ प्रशासनिक अधिकारी, चिकित्सक, सञ्चारकर्मी तथा देशभरबाट आएका साधकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८